म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१४ मंगलबार १२ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 27 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

☞ मानो रोपौं, मुरी फलाऔं,
☞ खेतीयोग्य जमिन बाँझो नछोडौं,
☞ पसिना बगाऔं, समुन्नत बनौं,
☞ आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## खेलाडी उत्पादन गर्दै बागमती सरकार

निशा गुरुङ

हेटौंडा, ११ असार/ खेलाडीको प्रदर्शन र क्षमताको आधारमा कुनै देशले खेलकुदमा गरेको लगानीको मापन हुन्छ । सवल, सक्षम र योग्य खेलाडी उत्पादन गर्ने सरकारको दायित्व हो । यो दायित्वलाई आत्मसात गर्दै बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले सक्षम, योग्य र सवल खेलाडी उत्पादनलाई जोड दिएको छ ।

शिक्षा, युवा, रोजगार र खेलकुदमा काम गर्दै आएको सामाजिक विकास मन्त्रालयले खेलाडी उत्पादनलाई समेत प्राथमिकता राखेको छ । खेलकुद नीतिको अभाव र निषेधको राजनीतिका कारण खेल क्षेत्रको विकास हुन नसकिरहेको समयमा बागमती सरकारले खेलाडी उत्पादनलाई महत्वका साथ हेरेको छ । सक्षम खेलाडी उत्पादन गरी राष्ट्रियरुपमा प्रतिष्पर्धा गराउने उदेश्यले सामाजिक विकास मन्त्रालयले राष्ट्रियस्तरको खेल प्रतियोगिताहरु सञ्चालन गर्दै आईरहेको छ ।

प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशले चालु आर्थिक वर्ष २०७९/८० मा १ सय भन्दा बढी ठुला साना खेलकुद प्रतियोगिता सम्पन्न गरिसक्केको छ । जुन प्रतियोगिताले बागमती प्रदेशमा दुई सय भन्दा नयाँ खेलाडी उत्पादन गर्न सफल भएको छ । गण्डकी प्रदेशमा आयोजना भएको नेपाली खेलकुदको कुम्भमेला नवौं बृहत राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भएको बागमती प्रदेशले विभिन्न विधाका प्रतियोगितामा १ सय ४५ पदक जित्न सफल भएको थियो ।

११ टिमका ६ हजार १ सय ५७ खेलाडीले प्रतिस्पर्धा गरेको प्रतियोगितामा ३६ खेल समावेश गरिएको थियो । उक्त प्रतियोगिताका लागि बागमती प्रदेशले 'क्जोज क्याम्प' नै राखेर प्रतियोगितामा सहभागी गराइएको प्रदेश खेलकुद विकास परिषद्, बागमतीका सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए । जसकारण बागमतीले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न सकेको थियो । प्रतियोगितामा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको ५ करोड लागतमा खेलाडीले प्रतियोगितामा सहभागी जनाएको सदस्यसचिव भण्डारीले बताए ।




प्रदेश सरकारले नै आयोजना गरेको राष्ट्रपति र निङ्शील्ड छनोट प्रतियोगितामा राष्ट्रियसतरको सहभागिता रहेको थियो । संघीय सरकारको ८१ लाख र प्रदेश सरकारको ३० लाख गरी करिव १ करोड १६ लाख लागतमा प्रतियोगिता भएको थियो । त्यसैगरी, बागमती सरकारले नै आयोजना गरेको दास्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा प्रदेशका १३ वटै जिल्लाका १ हजार ४ सय २७ पुरुष र १ हजार ७५ महिला खेलाडीले सहभागिता जनाएका थिए । सामाजिक विकास मन्त्रालयकै ९ करोड ४२ लाख लागतमा गरिएको प्रतियोगितामा प्रदेशका खेलाडी स्वीमिङ र एथलेटिक्स्मा राष्ट्रियस्तरकै रेकर्ड ब्रेक गरेको सदस्यसचिव भण्डारीले जानकारी दिए । 'प्रदेश खेलकुद प्रतियोगितामा उत्कृष्ट खेलाडी सहभागी भएका थिए । सहभागी केही खेलाडीले त रेकर्ड नै ब्रेक गरेको छ,' उनले भने, 'प्रदेशमा खेलकुद प्रतियोगिताहरु हुँदा राम्रा खेलाडी उत्पादन भएको छ ।'

प्रदेशकै आयोजनामा अल नेपाल नोभिस बक्सिङ प्रतियोगितामा पनि भएको थियो । प्रतियोगितामा सामाजिक विकास मन्त्रालयको करिव ३५ लाख लागतमा प्रदेशका १३ वटै जिल्लाका २ सय ५० जना खेलाडीले भाग लिएका थिए ।

सरकारकै ३० लाख लगानीमा साहसिक तथा पर्यटकीय खेलकुद प्रतियोगितामा राष्ट्रियस्तरको पोखरामा राफ्टिङ र दोलखामा रेस्लिङ (महिला पुरुष)आयोजना गरिएको थियो । प्रदेश सरकारले खेलाडी उत्पाद गर्न खेल प्रतियोगिता मात्रै हाईन उनीहलाई क्षमता बृद्धि गर्नसमेत तालिम पनि दिदै आएका छन् ।

प्रदेश खेलकुद परिषद्ले कराते खेलाडीलाई नयाँ टेक्नोलोजी र अहिलेको नियमअनुसार खेल्न तालिम दिएको छ । सामाजिक विकास मन्त्रालयको १० लाख लागतमा करिव २ सय ७० जना कराते खेलाडीले तालिम लिएका छन् । प्रदेश सरकारले खेलाडीलाई मात्रै नभई तालिम रेफ्रि तथा प्रशिक्षकलाई समेत दिएको छ । १५ लाख लागतमा सरकारले ५५ जना एथ्लेटिक्सका रेफ्रि तथा प्रशिक्षक्लाई तालिम दिएको हो । प्रदेश खेलकुद परिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोता हुँदा सहभागीका लागि खेलाडीको माग आउँदा प्रदेश खेल खेलेको खेलाडीलाई छनोट गरी पठाउने गरेका सदसय सचिव भण्डारीले जानकारी दिए ।

उनका अनुसार खेलकुद परिषद्ले खेल र तालिम मात्रै नभई सामाजिक विकास मन्त्रालयको सहयोगमा सिन्धुली, काभ्रे, धादिङमा खेलकुद कार्यालय भवन निर्माण गरेको छ । सामाजिक विकास मन्त्रालयको २१ करोड लागतमा चालु आर्थिक वर्ष २०८९/८० मा विभिन्न खेल प्रतियोगिता सम्पन्न गरेको प्रदेश खेलकुद परिषद्ले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता गर्ने र त्यसका लागि सरकारले ६ करोड बजेट छुट्याएको सदस्यसचिव भण्डारीले बताए ।

उनले प्रदेशमा अझै राम्रो खेलाडी उत्पादन गर्नका निम्ति आगामी वर्षमा जिल्ला जिल्लामा पुगेर खेल प्रतियोगितामा सहभागी भई राम्रो खेलाडी छनोट गर्ने बताए । सामाजिक विकासमन्त्री कुमारी मोक्तानले चालु आर्थिक वर्ष सम्पन्न भएको खेलको छुट्टै महत्व रहेको बताइन् । खेल प्रतियोगिताबाट बागमती प्रदेशको जिल्ला तहदेखि छनोट भएर प्रदेश र त्यसपछि राष्ट्रियस्तरका सहाभागी हुँदा प्रदेशकै नाम राख्ने बताइन् । 'यो वर्ष जतिपनि ठुला खेल प्रतियोगिता भयो त्यसले छुट्टै महत्व राखेको छ । जिल्लादेखि छनोट भएर आएका खेलाडी प्रदेश खेल प्रतियोगिता खेल्दै राष्ट्रिय खेल खेल्न समेत सहभागी भएका छन्,' मन्त्री मोक्तानले भनिन्, 'यसैले पनि प्रदेशले खेलाडी उत्पादनमा के गर्न सक्यो भनेर देखाएको छ ।' मन्त्री मोक्तानले आगामी वर्षमा पनि खेलाडीलाई प्रोत्साहन गर्न खेलकुद विकासका लागि कार्यक्रमहरु आयोजना गरिने बताइन् ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ मा खेलाडी उत्पादन गर्न विभिन्न कार्यक्रम अघि सारेका छन् । आगामी आर्थिक वर्ष २०८०/०८१ लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले खेलकुद क्षेत्रसमेत हेर्ने सामाजिक विकास मन्त्रालयको लागि ४ अर्ब ६२ करोड १७ लाख विनियोजन गरेको छ ।

प्रदेश सरकारले खेल संस्कृतिको विकास गरी युवाहरुमा देशप्रेम र सामाजिक अनुशासनको भावना विकास गर्दै लगिनुका साथै व्यवसायिक खेलाडीको उत्पादन गर्न खेलकुद पूर्वाधार र खेलमा लगानी अभिवृद्धि गर्दै जाने नीति लिएको दाबी गरेको छ ।

विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा स्थानीयस्तरमा खेलकुद र खेलाडीलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिएको भनेपनि रकम तोकिएको छैन । निर्माणाधीन गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको निर्माणकार्य सम्पन्न गर्न ५ करोड विनियोजन गरेको छ । प्रदेश भित्रका रंगशाला, कभर्ड हल र खेलमैदान लगायतका खेलकुद पूर्वाधार निर्माणका लागि मात्रै प्रदेश सरकारले ३६ करोड १० लाख बजेट विनियोजन गरेको छ ।

## मकवानपुरको बागमती बजेट नल्याउने देशका ४० पालिकाको सूचिमा




साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/१० असारभित्र नीति, कार्यक्रम र बजेट नल्याउने देशभरका ४० वटा स्थानीय तहमा मकवानपुरको बागमती गाउँपालिका पनि परेको छ ।

देशका ७ सय ५१ वटा स्थानीय तहमध्ये ७ सय ११ वटाले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट सार्वजनिक गरेका छन् । जसमध्ये मकवानपुरको १ उपमहा नगरपालिका, १ नगरपालिका र १० वटा गाउँपालिकामध्ये जिल्लाको पूर्वी क्षेत्रस्थित काभ्रे, सिन्धुली र रौतहटसँग सीमाना जोडिएको बागमती गाउँपालिकाले भने नीति, कार्यक्रम र बजेट पनि ल्याउन नसकेको हो । बागमतीसहित देशभरका अन्य ४० वटा स्थानीय तहले बजेट पेश गर्न नसकेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जानकारी दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन बमोजिम सबै स्थानीय तहले असार १० भित्र आगामी आर्थिक वर्षको बजेट पेश गर्नुपर्ने कानूनी प्रावधान छ । यदि सो समयसम्म बजेट पेश नभए त्यसलाई अवैध मानिने मन्त्रालयका प्रवक्ता कमल भट्टराइले बताए ।

बागमती गाउँपालिकामा बजेट सिलिङबारे दलीय सहमति हुन नसक्दा नीति, कार्यक्रम र बजेट आउन नसकेको ८ नम्बर वडाअध्यक्ष इन्द्रमणि तिमल्सिनाले बताए । उनले नीति तथा कार्यक्रम र बजेटमा राजनीतिक खिचातानी भएको जानकारी दिए । यता बागमती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले नीति तथा कार्यक्रमकै बिषयमै छलफल भइरहेको र १५ असारभित्र नीति तथा कार्यक्रम र बजेट आउने बताउँछन् । उनले यस पटकको बजेटमा पालिकाले आर्थिक विकासमा जोड दिने गरी बजेटको तयारी गरिरहेको बताए ।

जिल्लाको हेटौंडा, राक्सिराङ, कैलाश, इन्द्रसरोवर, भीमफेदी, मकवानपुरगढी, हेटौंडा उपमहानगरपालिका, थाहा नगर पालिकाले नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरिसकेका छन् । बकैया र मनहरी गाउँपालिकाले भने नीति तथा कार्यक्रम प्रस्तुत गरेपनि बजेट सार्वजनिक गर्न बाँकी छ ।

समयमा बजेट ल्याउन नसकेको स्थानीय तहका हकमा पछि महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि उक्त बजेटको खर्चको वैधतामाथि प्रश्न उठाउन सक्ने भएकाले त्यसमा सम्बन्धित स्थानीय तह नै जवाफदेही हुनुपर्ने संघीय मन्त्रालयका प्रवक्ता भट्टराइको तर्क छ । मन्त्रालयका अनुसार माधवनारायण नगरपालिका, हरिवन नगरपालिका, हनुमाननगर नगरपालिका, राजविराज नगरपालिका, कमला नगरपालिका, मिथिला नगरपालिका, सिम्रौनगढ नगर पालिका, गढीमाइ नगरपालिका, हरिपुर्वा शहिद नगरपालिका, त्रिपुराशुन्दरी नगरपालिका, आठराइ गाउँपालिका, मेछ्याम गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, औराही गाउँपालिका, धनौजी गाउँपालिका, कालिकामाइ गाउँपालिका, छिपहर माइ धोविनी गाउँपालिकाले बजेट नल्याएको हो ।

यसैगरी, विन्दबासिनी गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका, आदर्श कोटवाल गाउँपालिका, सोनमा गाउँपालिका, दुर्गाभगवती गाउँपालिका, यमुनामाइ गाउँपालिका, रुपनी गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका, विगु गाउँपालिका, बागमती गाउँपालिका, नौकुण्ड गाउँपालिका, जलजला गाउँपालिका, विरुवा गाउँपालिका, मायादेवी गाउँपालिका, कोटहीमाइ गाउँपालिका, रोहिणी गाउँपालिका, सम्मरीमाइ गाउँपालिका, काइके गाउँपालिका, खत्याड गाउँपालिका, कुमाख गाउँपालिका, अदानचुली गाउँपालिका, कुश्मा नगरपालिका, फलेवास नगर पालिकाले बजेट ल्याउन नसकेको मन्त्रालयले जानकारी दिएको छ ।

## हेटौंडामा प्रदेशस्तरीय 'नवप्रवर्तन उद्यमी विकास सम्मेलन' गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशमा प्रथम नवप्रवर्तन उद्यमी विकास सम्मेलन आयोजना हुने भएको छ । उक्त सम्मेलन बागमती प्रदेश सरकारको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको आयोजना तथा नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेशको सहकार्यमा हुन लागेको हो ।

सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेशका कार्यवाहक अध्यक्ष तारानाथ चौलागाईंले यही असार १४ र १५ गते हेटौंडा-४ मेनरोड स्थित रोयल पार्टी प्यालेसमा पहिलो पटक बागमती प्रदेशस्तरीय नवप्रवर्तन उद्यमी विकास सम्मेलन आयोजना हुन लागेको बताए ।



सम्मेलनमा नवप्रवर्तन उद्यमीहरु, इच्छुक लगानीकर्ताहरु र घरेलु तथा साना उद्योग महासंघका प्रदेश समिति तथा जिल्लासमितिका पदाकिारीहरु गरी करिब २ सय ५० जना उद्यमीको सहभागिता रहने नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश समितिका कार्यकारी अधिकृत शम्भु नेपालले जानकारी गराए ।

'संसार अहिले नलेज बेस इकोनोमा आधारित छ । यसमा पनि सूचना प्रविधि र आधुनिक प्रविधिमा आधारित उद्यम व्यवसायले मात्र अहिलेका उपभोक्ताको चाहना परिपूर्ति गर्ने अवस्था बनिरहेको छ । नेपाल भौगोलिक हिसाबले र प्राकृतिक श्रोत सम्पदाको हिसाबले नवप्रवर्तन उद्यमीका विकासको लागि उर्वर भूमि हो ।'-कार्यकारी अधिकृत नेपालले भने । 'त्यसैले पनि हामीले यो सम्मेलन आयोजना गर्न लागेका हौं । यो सम्मेलनबाट छानिएका नवप्रवर्तन उद्यमीलाई महासंघले राष्ट्रिय आविष्कार केन्द्रसँगको सहकार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय पालिकामार्फत् प्रबर्द्धन र विकास गर्न सहयोग पुयाउने हाम्रो लक्ष्य हो ।'

यो सम्मेलनले प्रदेशभित्र रहेतापनी अवसर नपाएका नवप्रवर्तक उद्यमीलाई एउटा मञ्च दिने र नवप्रवर्तनका विषयमा लगानी गर्न इच्छुक लगानीकर्तालाई पनि सहभागी हुन प्रेरित गर्ने कार्यवाहक अध्यक्ष चौलागाईं बताउँछन् । पत्रकार सम्मेलनमा बागमती प्रदेश महिला उद्यम समितिकी महासचिव गीता मैनाली, नेपाल घरेलु तथा साना उद्योग संघका अध्यक्ष गणेशहरि उप्रेती, वरिष्ठ उपाध्यक्ष सुवर्णलाल श्रेष्ठ, महासचिव कुमार पौडेल, सचिव राजु खतिवडा र महिला उद्यम समिति मकवानपुर सभापति सन्तोषी बानियाँ लगायतको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित
हेटौंडा कृषि तरकारी बजार
हेटौंडा-४, मेनरोड, नारायणी मल संगै
यस तरकारी बजारको सेवाहरु:




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्को लागि छिटै सम्पर्क गर्नुहोला
☎ ९८६०५९८०५३, ९७४१६८०१८७, ९८५५०३३५५८

गोदमघर भाडामा चाहियो ?
मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।
सम्पर्क : ९८०२५३०३०३

साझाकुरा

हाम्रो कुरा

## कहाँ रोकियो २५ मिटर ?

हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजना पटक-पटक सडक विस्तारको सूचना निक्लिन्छ र हेटौंडा बजार तातिन्छ । दुईचार हप्तापछि चर्चा सेलाउन थाल्छ र सडक फराकिलो बन्दैन । सडक फराकिलो चाहिने हो कि नचाहिने ? राज्यले मुआब्जा दिन सक्ने हो कि नसक्ने ? बजार बाइपास सम्भावना छ कि छैन ? मानव बस्ती घोषणा कस्का लागि ? सडक सीमा क्षत्राधिकार हेटौंडालाईमात्र फरक बनाउन मिल्छ कि मिल्दैन ? बिद्यमान सडक कानूननले के भन्छ ? प्रस्ताबित एसियन हाइवेको मापदण्ड के हो ? यस्ता अनगिन्ति प्रश्नको उत्तर सहज रुपमा आउँदैन । हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेको छ । सडक विस्तार गर्ने शक्तिशाली निकाय कुन हो ? संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको भूमिका के हुनुपर्ने ? बजार क्षेत्रको मुख्य सडक विस्तारमा कुनै विकल्पमा जान सकिन्छ कि सकिदैन ?

हालसम्म हेटौंडाको सडक विस्तार हुन सकेको छैन । यसमा प्रमुख कारण राजनीतिक दलको भोटको राजनीति, घरजग्गा जाने त्रासमा रहेका पीडित व्यवसायीको विरोध हो । सडक विस्तार हुने चर्चा भइरहेको समयमा फेरि एकपटक आइतबार सूचना जारी भएको छ । हेटौंडाको मुख्य राजमार्गमा पर्ने सडक दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय हेटौंडाले सूचना जारी गरेको हो । डिभिजन सडकलाई नै यसअघि कति पटक सूचना निकालियो त्यसको अत्तोपत्तो छैन । डिभिजन प्रमुखको जिममेवारीमा आएका सबैले जागिर खाने काम गरे र सरुवा भए । यसअघि निस्किएको सूचना केवल झारो टार्ने काम मात्र हो भन्दा फरक नपर्ला । केही साता अघि साझाकुरा दैनिकमा एसियन हाइवेको मापदण्डसहितको सम्पादकीयमा हामीले धेरै कुरा भनेका थियौं कि यो हेटौंडा सहरको २५ मिटरको मुद्दा नेपाल सरकारको मात्र होइन । यो एसियाली विकास बैंक र वर्ल्ड बैंकको पनि साझा बनिसकेको छ । सडक विस्तारमा संघीय सरकार, प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिका एकढिक्का भएपछि पुन: यो सूचना जारी भएको छ । तर, आम सर्वसाधारणले सडक विस्तारको सूचनालाई लिएर अविश्वास गरिरहेका छन् । विगतमा जस्तै सूचना निस्किएर सडक विस्तार हुन नसक्ने हो की ? भन्ने जिज्ञाशा धेरैले व्यक्त गरेका छन् । तर, सडक डिभिजन हेटौंडाले सूचना जारी गर्दै राष्ट्रिय राजमार्गका अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र हटाउन भनेको छ । जारी सूचनामा सडक सीमाभित्र परेका संरचना हटाउन भनिएको हो । 'हेटौंडा-१४ महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक, राप्तीपुलसम्मको सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँ-बायाँ कायम भएको कुरा सर्वविदितै छ । उक्त सडक सीमाभित्र घर-टहरा निर्माण गर्न नाली पुरेर प्रवेश मार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन कुनै प्रकारको स्वीकृति बिना बनेका संरचना तथा यस्तै प्रकृतिका अन्य यातायात संचालन एवम् सडक प्रयोगकर्तालाई अवरोध पुग्ने कार्य गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको छ', सूचनामा भनिएको छ ।

यसअघि सर्वोच्च अदालतले २५/२५ गज भत्काउन मिल्ने र त्यसभन्दा बढी भत्काउन परे क्षतिपुर्ति दिनुपर्ने भनि उत्प्रेषण आदेश दिएको थियो । अदालतकै आदेशलाई टेकेर सडक कार्यालयले २५/२५ गज सडक भत्काउने तयारी गरेको हो । २५ गज भन्नाले २२ दशमलब ८६ मिटर फराकिलो हुने सम्भावना रहन्छ । 'सम्मानित सर्वोच्च अदालतको मिति २०७८-०९-१९ को उत्प्रेषण आदेशमासमेत उक्त खण्डको सडक सीमा केन्द्रबाट २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा उक्त क्षेत्रभित्र बनेका स्थायी/अस्थायी घर-टहरा तथा अन्य संरचना भत्काउन यस अगाडि विभिन्न मितिमा सूचना जारी हुँदापनि नहटाएकाले सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडकसिमा भित्र पर्ने सम्पूर्ण संरचना हटाउन अनुरोध छ', सूचनामा भनिएको छ । सडक सीमा अतिक्रमण गरी बनाइएका संरचना ३५ दिनभित्र नहटाएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार सडक डिभिजन कार्यालयले नै भत्काउने र सो बापतको लाग्ने खर्च सम्बन्धित घरधनीबाटै असुलउपर गर्ने सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ । सडक डिभिजनको सूचनाले हेटौंडामा तरङ्ग ल्याएको छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

### भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १३ गते बुधबार २८ जुन २०२३ । दशमी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ ।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : यात्रामा अवरोध | तुला | : अहमपनले कार्यमा हानि |
| वृष | : व्यवसायमा सफलता | वृश्चिक | : शत्रु नाश |
| मिथुन | : मान हानिले खिन्नता | धनु | : परिवारमा कलह |
| कर्कट | : धर्मकार्यमा खर्च | मकर | : रोग नाश |
| सिंह | : न्यायिक कार्यमा सफलता | कुम्भ | : अशुभ समाचार सुन्नुपर्ने |
| कन्या | : मान्यजनबाट विवाद | मीन | : साझेदारी कार्यमा विवाद |

# निजगढमै अन्तर्राष्ट्रिय विमानस्थल बन्नुपर्छ भन्नुका कारण



✍ गोविन्द अधिकारी

'कोही त भने जहाजमा सरर,
कोही को भने पसिना तरर,
हाम्रो नेपालमा'

यही गीत गाएर आफरनो राजनीतिक संगठन र दलिल बलियो बनाएका नेपालका वामपन्थी नेताहरू जहाजको 'सरर' प्रति अति आकर्षित छन् । जापान, युरोप र अमेरिकाका अत्याधुनिक विमानस्थलबाट दर्जनौं पटक आवतजावत गरेका शीर्ष नेताहरूमा नेपालमा पनि त्यस्तै सुन्दर, सुविधाजनक विमानस्थलको परिकल्पना आउनु स्वाभाविक नै हो ।

तर, यस प्रसंगको अस्वाभाविक कुरा के भने, किन विमानस्थलका लागि वनको जमिनमा आँखा लगाइएको भन्ने नै प्रमुख प्रश्न हुन आएको छ । आम नागरिक र वातावरणीय चेतनाले उठाएका प्रत्येक प्रश्नको सारभूत जवाफ दिने काम सरकार र राजनीतिक दलहरूको हो । राजनीतिक दललाई पनि किन जिम्मेवार मान्नुपर्छ भने सरकारका प्रत्येक जसो साना-ठूला काममा दलका नेताहरूको संलग्नता हुने गरेको छ ।

निजगढको जंगलमा ८,०४६ हेक्टर क्षेत्रफलमा विमानस्थल निर्माण गर्ने राजनीतिक चाहना पुरानो होइन । यो लेखमा, निजगढमै विमानस्थल बन्नुपर्छ भन्नु पछाडि रहेका संभावित कारणहरूको विश्लेषण गर्न खोजिएको छ । विमानस्थल निर्माण विकासको पूर्वाधारका रूपमा नभएर राजनीतिक महत्वाकांक्षा आपूर्तिको माध्यम हुन पुगेको छ । यो राजनीतिक महत्वाकांक्षाले प्रकृति र मानव सभ्यताका सम्पूर्ण बन्धनहरू तोड्न खोजेको देखिन्छ ।

### २ हजार हेक्टर क्षेत्रफलमा ६ करोड यात्रु ओसारपसार

तल उल्लिखित तथ्यांकले बताउँछ यात्रु व्यवस्थापन र यात्रा सञ्चालनका लागि विमानस्थलहरूको आकार वा क्षेत्रफल कति हुनुपर्छ वा कति हुनुपर्ने रहेछ । मेरो आफरनो स्वाध्ययनबाट संकलित सूचना अनुसार, मुम्बईको छत्रपति शिवाजी राव अन्तर्राष्ट्रिय विमानस्थल ७५० हेक्टरमा फैलिएको छ । यसले वर्षको ३ करोड २० लाख ७० हजार यात्रुलाई सेवा दिइरहेको छ । त्यस्तै २,०६६ हेक्टरमा स्थापित इन्दिरा गान्धी विमानस्थलले वर्षको ६ करोड ७० लाख ३० हजार यात्रु ओसारपसार गर्दछ ।

यस्तै संसारका व्यस्तमध्ये एक नेदरल्याण्ड्सको सिफोल विमानस्थल २,७८७ हेक्टरमा निर्मित छ, जबकि यो विमानस्थल भएर वर्षको ५ करोड २५ लाख यात्रु उड्दछन् । अझ वार्षिक ६ करोड बढी यात्रु उडाउने हिथ्रो विमानस्थल १,२२७ हेक्टर जमिनमा रहेको छ ।

त्यसैगरी ६ करोड ५० लाख यात्रु व्यवस्थापन गर्ने फ्रयांकर्फट विमानस्थल २,२३० हेक्टरमा फैलिएको छ । धेरै नेपालीले प्रयोग गरेको दुबई विमानस्थलले २९०० हेक्टर जमिन ओगटेको छ तर वर्षको ६ करोड ६० लाख यात्रु उडाउँछ । ४ हजार हेक्टर क्षेत्रफलमा बनेको सांघाइ पुदोङ विमानस्थलले वर्षको ३ करोड मानिस उडाइरहेको छ ।

नेपालको क्षेत्रफल, जनसंख्या, अर्थतन्त्र, प्रतिव्यक्ति आय, संभावित उडान र यात्रु अनुमान गर्ने हो भने निजगढ विमानस्थल बोका माथि घोडाको सवारी चलाउनु हुनेछ । झण्डै सिंगो भक्तपुर जिल्ला जत्रै हुनेछ, यो विमानस्थल । त्यहाँ प्रस्तावित 'विमानस्थल सिटी' चाहिं मध्यपुर थिमि नगरपालिका बराबरी आकारको हुनेछ ।

नेपाल सरकार हवाई उड्डयन प्राधिकरणका अनुसार, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु उडान क्षमता वार्षिक बढीमा २ करोड हुने अनुमान छ तर कोरियन कम्पनीले १ करोड ५० लाख मात्रै यात्रु उडान गर्न सकिने भनेको छ । अब भन्नुस् हामीलाई किन चाहियो ८,०४६ हेक्टर जमिनको विमानस्थल ? यति जमिन प्रयोग गर्ने निर्णय लिन खोज्नु पछाडि के कारण छन् ?

### निजगढमै किन हुनुपर्ने अन्तर्राष्ट्रिय विमानस्थल ?

विकास र प्रशासनिक निर्णयहरूको मूल्यांकन गरिरहेका कतिपय विश्लेषकहरू प्रस्तावित निजगढ विमानस्थल निर्माण चरणमा निर्णयकर्ताहरूलाई सात किसिमका अतिरिक्त लाभ प्राप्त हुने संभावना देख्दछन् । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले पनि यस्ता आशंकाहरूलाई बल पुऱ्याएको छ ।

त्यस्ता सम्भावित लाभका क्षेत्र हुन्- (१) विमानस्थल नजिक विकास गरिने शहरका लागि छुट्याइएको ११ हजार ७९० रोपनी जमिन (२) ७० अर्ब बराबरको काठ व्यापार (३) ५१ हजार ८१५ ट्रक दाउरा बिक्री (४) विमानस्थल निर्माणको ९ खर्ब १० अर्ब रकमको ठेक्का (५) नर्सरी स्थापना र बिरुवा खरिद (६) बिरुवा रोप्नका लागि १ खर्ब ३९ अर्ब लगानी (७) रोपिएका बिरुवा संरक्षणका लागि तारबार र हेरालु खर्च ।

लगानीको सुनिश्चितता पूर्व नै रूख काट्न गरिएको हतारोले राजनीतिक लाभको आशंका झन् बलियो भएको छ । प्राध्यापक गोविन्द शाहले सार्वजनिक रूपमा भनेका छन्, 'लगानीको सुनिश्चय नभएसम्म एउटै पनि रूख ढाल्नुहुँदैन । विमानस्थल निर्माणको सवालमा प्रमुख राजनीतिक दलहरूबीच राजनीतिक नाममा कुनै गोप्य सहमति भएको हो कि भन्ने आम आशंकालाई सरकार र राजनीतिक दलहरूले अहिलेसम्म चित्तबुझ्दो जवाफ दिन सकिरहेका छैनन् ।'

नेपाल सरकारको २०८०/८१ को बजेट वक्तव्यको बुँदा १९५ मा 'निजगढ विमानस्थल निर्माणका लागि बजेट छुट्याएको छु' मात्रै भनिएको छ । अर्थमन्त्रीले धेरै शीर्षकमा यसरी बजेट छुट्याउनुभएको छ । तर, आम मान्छेका आँखा निजगढ विमानस्थलतिर तानिएका छन् ।

### सरकारी दाबी र नागरिक दृष्टिकोण

सामान्य अर्थमा निजगढ पूर्व-पश्चिम राजमार्गमा अवस्थित एउटा सानो भूगोल हो, जसमा निजगढ नाम दिइएको सानो बजार छ । बजारको वरिपरि प्राकृतिक वन छ । पर्यावरणीय र प्रकृतिको कुरा गर्ने हो भने निजगढ एक घाँसेमैदान, जंगली जनावर, कीराफट्याङ्ग्रा, कमिला लगायत वनौषधियुक्त प्राकृतिक वन हो । यसले पूर्वी तराईको पर्यावरणीय सन्तुलनमा ठूलो योगदान गरिरहेको छ ।

नि:सन्देह, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमताले हवाई यात्रुहरूको चाप धान्न सकिरहेको छैन । राजधानी काठमाडौं नजिकै अर्को अन्तर्राष्ट्रिय विमानस्थल चाहिन्छ भन्ने नितान्त सान्दर्भिक र जायज कुरा हो ।

अनि नेपाल सरकार विमानस्थल कहाँ, कसरी र किन बनाउने भन्ने आफरनो पूर्ण क्षेत्राधिकारको विषय हो भन्ने दाबी गरिरहेको छ । राजनीतिक दलहरू सरकारको यस्तो भनाइको पुष्टि गर्न बल गरिरहेका छन् । राजनीतिक दलहरू र सरकारको दाबी अनुसार नेपाल सरकार देशको कुनै पनि भाग आफरनो योजना अनुसार प्रयोग गर्ने प्राधिकार पनि राख्दछ ।

एकछिनका लागि सरकारको यो हठलाई मानिदिऊँ, र अर्को प्रश्न गरौं, उसो भए नागरिकहरूको दृष्टिकोण, त्यस क्षेत्रमा बसोबास गर्ने मान्छेहरूको भावनाको चाहिं कुनै मूल्य छैन ? मूल्यहीन हुन् वन संरक्षण र वातावरणीय सवाल ?

निजगढ विमानस्थलप्रति उठाइएका वातावरणीय प्रश्नहरू तिरस्कार गर्न योग्य नै छन् त ? के हामी पर्यावरणीय क्षेत्रमा काम गरिरहेका मानिस विकास विरोधी दर्ज हुनकै लागि आफरना धारणा र वैज्ञानिकहरूका वर्षौंका अध्ययन प्रतिवेदन, पुस्तक र नागरिक दृष्टिकोणहरूको निचोड लेखिरहेका छौं ?

साँच्चै नै निजगढ विमानस्थलले नेपालीलाई वातानुकुलित जीवनका लागि जीविकोपार्जन उपलब्ध गराउँछ त ? लगानी र प्रतिफलको तुलनात्मक अध्ययन गर्दा देखिने भयावह चित्रको पछिल्ला अनुच्छेदहरूमा वर्णन गरिएको छ ।

### जंगल फाँडिहाल्ने हतारो

गुगल म्यापबाट नै हेर्न सकिन्छ काठमाडौंबाट हवाई दूरीका हिसाबले ६८ किलोमिटर र सडकमार्गबाट १३५ किलोमिटर दक्षिणतिर रहेको छ निजगढ । निजगढ चुरे पहाडको ठीक दक्षिणपट्टिको समथर जमिनमा रहेको एक प्राकृतिक वन हो ।

निजगढ एक प्राकृतिक जीवनचक्र हो । वन वा वनजन्य प्राणीहरूको मात्र नभएर मानिसका लागि पनि प्राकृतिक जीवनचक्र प्रदायक हो, यो वन ।

विनाशक विकासभन्दा आज हामी नेपालीले भोगिरहेको अविकास कैयौं गुणा सुन्दर छ, प्राणीजगत अनुकूल छ, जीवन देखिन्छ र मानिसको भावना काव्यात्मक शैलीमा व्यक्त हुन्छ, सृष्टिको सुन्दरता देखेर ।

नेपाल सरकार र नेपालका प्रमुख राजनीतिक दलहरू नेपाली नागरिकहरूको मगजको आवेग उत्पन्न गर्ने भित्री संयन्त्रमा निरन्तर प्रहार गरिरहेका छन् । जब, मानिसको मगजको रिस वा आक्रोश उत्पन्न गर्ने तन्तुमा बढी प्रेसर वा दबाब पर्छ, मान्छेहरू सहने क्षमता बाहिर पुग्छन् । नेपाल सरकार, सरकारी र विपक्षी राजनीतिक दलहरू यही समयको प्रतीक्षामा छन् भन्ने देखिन्छ ।

चुरे र निजगढ ती प्राकृतिक तत्व हुन् जसका लागि मानिसलाई तथाकथित विकास भन्दा प्राकृतिक जीवनचक्र धेरै महत्वपूर्ण छ । हाल मधेशमा बसिरहेका मेरा धेरै मित्र के भन्छन् भने अबको १० वर्षभित्र नै मधेशले सामना गर्न नसक्ने पर्यावरणीय जोखिमहरू भोग्नेछ ।

पानीको अभाव सामना गरिरहेका मधेशका नागरिकहरूमा भावी जीवन र आफरना सन्ततिहरूको जीवनवृत्तिको चिन्ता उत्पन्न हुन थालेको छ । चुरे दोहन र निजगढको जंगल काटिनुले त्यसमाथि आगोमा घिउ थप्ने छ ।

पर्यावरणविद् तथा चुरे संरक्षणका सैद्धान्तिक प्रस्थापनाहरू तय गर्ने राष्ट्रपति चुरे-मधेश तराई संरक्षण विकास समितिका पूर्व सदस्य डा. विजयकुमार सिंह मधेश मरुभूमिकरण हुने खतरा औंल्याउँछन् । उनी यस विषयमा निरन्तर बोलिरहेका छन् ।

धनुषा र सिरहाका ठूलो संख्याका नागरिकहरू कमला नदी संरक्षणका प्राविधिक योजना र आम सचेतना सम्प्रेषणका लागि स्मरणीय काम गरिरहेका छन् । नदी प्रणाली, नदीको पर्यावरणीय महत्व, नदी र वनको शाश्वत सम्बन्धका विषयमा मानिसहरूमा आइरहेको नवचेतनालाई सरकारले प्रस्फुटित हुने वातावरण तयार पार्नुपर्नेमा सरकार उल्टै पर्यावरणीय जोखिम पैदा गर्ने काम गरिरहेको छ भन्ने आक्रोश पैदा भइरहेको छ मानिसमा ।

प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढमा गरिएको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको विस्तृत अध्ययन पछि अमेरिकाको इण्डियाना विश्वविद्यालयका प्राध्यापक गोविन्द शाहले 'विकासोन्मुख देशहरूमा वातावरणीय प्रभाव मूल्यांकन राजनीतिबाट उत्प्रेरित हुने गरेको' भनेका छन् । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका लागि वैकल्पिक स्थानतिर ध्यान नदिइनुमा पनि उनले प्रश्न उठाएका छन् ।

निजगढ विमानस्थल तराई आर्क ल्याण्डस्केप परियोजना क्षेत्रभित्र पर्दछ । विमानस्थलले प्रयोग गर्न प्रस्ताव गरिएको ८०.४६ वर्ग किलोमिटर (अर्थात् ८ हजार ४५ हेक्टर) क्षेत्रको ९४ प्रतिशत भूमिमा जंगल रहेको वातावरणीय प्रभाव मूल्यांकनकर्ताहरूको प्रतिवेदनमा उल्लेख छ ।

प्रस्तावित विमानस्थलसँग सम्बन्धित धेरै सूचनाले यसमा राजनीतिक लगानीका स्वार्थहरू जोडिएको देखाउँछ । उदाहरणका लागि विमानस्थलको ५ किलोमिटर दूरीमा प्रस्तावित स्मार्ट सिटी निजगढ छ भने किन फेरि ६०० हेक्टर जमिनमा विमानस्थल शहर बनाउनुपर्ने हो ? भन्ने प्रश्न पनि गोविन्द शाहले उठाएका छन् ।

त्यस्तै लगानीका स्रोत नजुटाई जंगल फाँडिहाल्ने हतारो पनि प्रश्नको घेरामा छ । प्रशस्तै विकल्प हुँदाहुँदै निजगढको वन नै रोजिनु, सिमरातिर ध्यान नदिइनु, तराईका अरू स्थान नखोजिनुका पछाडि ठूलो आर्थिक स्वार्थ यसमा जोडिएको छ भन्ने आशंका बलशाली हुँदैछ ।

खासमा विमानस्थललाई रौतहटतर्फ छुवाउने जुन प्रयास भइरहेको छ त्यसले पनि प्रश्नको घेरालाई फराकिलो पार्दै गएको छ । स्वयं वातावरणीय मूल्यांकन प्रतिवेदनको विस्तृत अध्ययनबाट पनि यी आशंका गर्न सकिने भनेका छन् अध्येताहरूले ।

मधेशको पर्यावरणीय सन्तुलनमा ठूलो योगदान दिइरहेको चुरे र त्यहाँ रहेको प्राकृतिक वन मासिँदै गएको छ । फार्म फरेष्ट्री अनुसन्धाता प्रदीपमणि दीक्षितको भनाइमा, चुरे पर्वत शृंखलाको सतह खण्ड चिरेर मदन भण्डारी राजमार्ग बनाइनु नै चुरेमाथिको मानवीय दबाब बढ्दै जानु हो ।

यसमा पनि तुलनात्मक रूपमा हेऱ्यो भने देशका बाँकी सडकहरू दशकौंदेखि निर्माण अलपत्र अवस्थामा छन् तर चुरेमा शीघ्र सडक निर्माण चलिरहेको छ । यो अवस्था बोध गरेका कतिपय पर्यावरण सम्बद्ध कार्यकर्ता स्वयं चुरे पहाड दोहन, जंगल दोहन र चुरेमा बस्ती विस्तारका लागि यसरी शीघ्र काम भइरहेको बताउँछन् ।

डा. विजय सिंह चुरे सम्पूर्ण तराईको लाइफलाइन हो, चुरे नै तराईको पानीको स्रोत हो भन्छन् । चुरे र निजगढको वनबीच सम्यक् सम्बन्ध स्थापित छ । निजगढको वनले चुरेको लागि पर्यावरणीय दायित्व पूरा गर्छ भने चुरेले निजगढको वनलाई प्राकृतिक सहयोग पुऱ्याउँछ ।

काखमा सुतेर आमाको दूध चुस्दा संस्कृतका श्लोक र सांस्कृतिक कहानी सुनेका राजनीतिक नेताहरू महाकालेश्वरमा गेरुबस्त्र पहिरिएको फोटो मात्र प्रदर्शन गर्छन् कि, त्यसका शाश्वत चिन्तन र ज्ञान सम्प्रदाय अवलम्बन पनि गर्छन् ? महाकालेश्वरसँग वैचारिक सामीप्यको भृगु चिन्तनधाराको तलको श्लोक हेरौं ।

*वायूनां शोधका: वृक्षा: रोगाणामपहारका:*
*तस्माद् रोपण मेतेषां रक्षणं च हितावहम्*

अर्थात्, रूखले वायु शुद्ध पार्छन्, रोग भगाउनमा सहयोग गर्छन् । यसकारण, वृक्ष रोप्नु र यसको रक्षा गर्नु सदा हितकारी हुन्छ ।

*दश कूप समा वापी, दशवापी समोह्रद:*
*दशफद सम: पुत्रो, दशपुत्रो समो धुम:*

अर्थात्, दश कुवा खने एक पोखरी बनाए सरह पुण्य मिल्छ, दश पोखरी खनाए एक तलाउ बनाए सरह पुण्य हुन्छ, दश तलाउ बनाए एक पुत्र प्राप्ति बराबर यश मिल्छ र एक रूख हुर्काए दश पुत्र बराबर पुण्य मिल्छ । सन्तान हुने नेताहरूका लागि यी श्लोक सोचनीय हुनुपर्ने हो ।

### तथ्य तथ्यांकमा निजगढ

वातावरणीय मूल्यांकन प्रतिवेदनमा दिइएको तल उल्लेखित तथ्यहरूले निजगढ विमानस्थलको समग्र पक्ष, लगानी वातावरण र जंगलको अवस्था बारे बताउँछन् । निजगढमा जंगल छैन भन्नेहरूका लागि सरकारले तयार पारेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको अंश नै सटिक जवाफ हुनेछ । तीन चरणमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गर्ने सरकारी योजना छ ।

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाका लागि गोविन्द साहले गरेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार, विमानस्थलले प्रयोग गर्ने ८ हजार ४५ हेक्टर जमिनमध्ये ७ हजार ५८२ हेक्टरमा अहिले जंगल छ । यस वनमा साना-ठूला गरेर २४ लाख ५० हजार ८२७ वटा रूख छन् । सबै रूखहरूबाट ३ करोड ६९ लाख क्युफिट काठ र ३९ हजार ६२ ट्रक दाउरा उत्पादन हुने अनुमान छ । काठ तथा दाउरा पैदावर समेत हिसाब गर्दा ६९ अर्ब २ करोड रुपैयाँ बराबरीको काठजन्य वस्तुको मूल्य अनुमान गरिएको छ ।

वातावरणीय प्रभाव प्रतिवेदनले निजगढको १ रूख वा बिरुवा बराबर २५ बिरुवा रोप्न सिफारिस गरेको छ । तर, वातावरणीय प्रभाव प्रतिवेदनले प्राकृतिक वन र मानवनिर्मित वनबीचको टड्कारो भिन्नता उल्लेख गरेको छैन । मानव निर्मित वन प्राकृतिक वन जसरी जैविक विविधतायुक्त हुँदैन । पर्यावरणीय चक्र सन्तुलनका लागि जैविक विविधतायुक्त वन आवश्यक हुन्छ ।

विमानस्थल परियोजनाका लागि काटिने रूखहरूको क्षतिपूर्ति वापत वृक्षरोपण गर्नुपर्ने शर्त वातावरणीय मूल्यांकन प्रतिवेदनको रहेको छ । सो अनुसार बिरुवा लगाउनका लागि ३६ हजार २९४ हेक्टर जमिन चाहिन्छ जसमा ६ करोड १२ लाख ७० हजार बिरुवा लगाउनुपर्नेछ । यसका लागि सरकारले ३६ हजार हेक्टर जमिन उपलब्ध गराउनुपर्नेछ । जुन जमिन उपलब्ध गराउन लगभग असंभव नै छ । यसका लागि १ खर्ब ३९ अर्ब लागत लाग्ने प्रारम्भिक अनुमान छ ।

सांसारिक प्रवृत्तिबाट हेर्दा प्रति हवाई यात्रु विमानस्थलले प्राप्त गर्ने शुल्क अमेरिकी डलर ७.४४ अर्थात् नेरु ९६७.२० रहेको छ । तर, नेपालमा अन्तर्राष्ट्रिय विमानस्थलमा प्रति यात्रु शुल्क ३ हजार शुल्क तोकिएको छ । यसलाई महँगो शुल्क भन्छन् पर्यटन व्यवसायीहरू ।

पोखरा र लुम्बिनी विमानस्थल जसरी नै महँगो ब्याजमा ऋण लिएर निजगढ विमानस्थल बनाउने हो भने ९ खर्ब १० अर्बको वार्षिक ब्याज कति हुने हो ? ३ प्रतिशत ब्याज हो भने वर्षको २८ अर्ब त ब्याजमै जाने हुन्छ । श्रीलंकाले ब्याज तिर्न नसकेर हम्बनटोटा पोर्ट नै साहुलाई बुझाएको छ ।

आजको हवाई शुल्क अनुसार ब्याज तिर्ने २८ अर्ब कमाउन मात्र पनि वर्षको ९३ लाख यात्रुले निजगढ विमानस्थल प्रयोग गर्नुपर्ने हुन्छ । विमानस्थलको संचालन खर्च, सुरक्षा आदिको लगानी कति हुन आउला, त्यसको अनुमानित प्रतिवेदन शायद तयार गरिएकै छैन ।

पोखरामा अवस्थित फूलबारी रिसोर्टले काठमाडौंका धनाढ्य परिवार अमात्य समूहलाई टाट पल्टाइदियो । निजगढ विमानस्थल पनि देशलाई टाट पल्टाउने एक कारक बन्ने त होइन ? एकातिर विमानस्थलको निर्माणले पर्यावरणीय क्षति पुग्छ भने अर्कातिर विमानस्थलले अपेक्षित आम्दानी दिन नसके देशको अर्थतन्त्र असन्तुलित हुन जान्छ ।

आज निजगढ, निजगढ भन्ने कति नेताहरू त त्यसबेलासम्म जीवित नरहलान् । जीवितमध्ये कतिपय युरोप, अमेरिका पलायन भइसकेका हुनेछन् । ती जो यहीं बसेका हुनेछन् तिनको राजनीतिक हैसियत शायद खोसिएको हुनेछ तर निजगढको प्राकृतिक स्वरुप पुनर्स्थापना गर्न सकिदैन ।

जहाँसम्म पर्यटन प्रवर्द्धनको कुरा छ, पर्यटकहरू विमानस्थल हेर्न आउने होइनन् । पर्यटकहरू नेपालको भौगोलिक बनोट, हिमाल, नदी, संस्कृति र यहाँको इतिहास, परम्परा र सभ्यताबाट लोभिएका हुन् ।


जलवायु परिवर्तनका कारण हिमाल कालापहाडमा रूपान्तरण हुँदैछन्, नदीहरूमा पानीको मात्रा घटिरहेको छ, जंगल र जंगली जनावरहरू लोप हुँदै गएका छन् । यहाँको मौलिक सभ्यता र संस्कृतिमाथि राज्य, सरकार र राजनीतिक दलहरूको हस्तक्षेप र उपेक्षा बढिरहेको छ । दीनदु:खी नेपाली भोकै-नांगै बसेर कति लामो समयसम्म यी अहं सभ्यता र संस्कृतिको जगेर्ना गर्न सक्छन् ?

सांसारिक तापमान वृद्धिको निरन्तरता, खडेरी र भल-बाढीको प्रकोप, पानीको अभाव बोध गर्ने हो भने पर्यटक होइन सन् २०५० उता पानी खान नपाएर मरेका मानव र पशुहरूको लाशको तस्वीर खिच्न फोटोग्राफरहरू मात्रै पो नेपाल आउने हुन् कि ?

राजनीतिक दलहरूमा संलग्न वा असंलग्न लामो उमेर भएका नेपाली युवाले सोच्नुपर्ने वास्तविकता हो यो । राजनीतिको आजको गति र सांसारिक तापमानमा आएको बढोत्तरी विचार गर्दा नेपाली पीडा, अभाव र महारोगहरूको डरलाग्दो सच्चाइ सामना गर्न तयार भएर बसे हुन्छ !

*(साभार: अनलाइनखबर)*

# भारतलाई २०० मेगावाट बिजुली बेच्न ५ वर्षे मध्यकालीन सम्झौता



काठमाडौं/भारतले एकैपटक ५ वर्षका लागि वर्षायाममा नेपालबाट २ सय मेगावाट विद्युत खरिद गर्ने भएको छ । भारतसँग भएको दीर्घकालीन विद्युत व्यापार प्रारम्भिक सम्झौताकै अंगका रुपमा रहने गरी मध्यकालीन विद्युत खरिदका सम्झौता भएको नेपाल विद्युत् प्राधिकरणका अधिकारीहरुले दाबी गरेका छन् ।

उनीहरुका अनुसार यो सम्झौता यसअघिको जस्तो पटके किमिसको हैन । यो २०० मेगावाट अहिले निर्यात भइरहेको ४५२ मेगावाटको प्रतिस्पर्धी विद्युत बजारमा निर्यातमा लागि पाएको अनुमतिभन्दा फरक सम्झौता हो ।

निरन्तर ५ वर्षसम्म तोकिएको अवधिभित्र नेपालले नाका (ढल्केबर सबस्टेन) सम्म बिजुली उपलब्ध गराउने र त्यहाँबाट सबै खर्च भारतीय पक्षले ब्यहोरेर बिजुली किनेर लैजाने गरी समझदारी भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

२०७८ कात्तिकदेखि नेपालले देशमा खपत हुन नसकेको भारतको केन्द्रीय विद्युत् प्रणालीको इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईईएक्स) दैनिक बिजुली बजार (डे अहेड मार्केट) मा प्रतिस्पर्धी दरमा बिजुली बेचिरहेको छ । बेच्न सकिने बिजुली अघिल्लो दिन नै भारतीय ऊर्जा बजारको प्रणालीमा बोलकबोलका लागि राख्ने र सो अवधिमा प्रणालीले माग र आपूर्तिका आधारमा निर्धारण भएको दरमा बेच्ने गरिएको छ ।

आईईएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युतको कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । यो किसिमको निर्यातलाई निरनतर राख्ने गरी नयाँ सम्झौता भएको हो ।

तर, नेपाल विद्युत् प्राधिकरण र भारतको एनटीपीसी विद्युत व्यापार निगम लिमिटेड (एनभीभीएन)बीच भएको पछिल्लो सम्झौताअनुसार भारतले ५ वर्षसम्म प्रत्येक वर्षायामको ६ महिनामा थप २ सय मेगावाट बिजुली लैजानेछ । प्राधिकरणले मुजफरफरपुर सबस्टेसनमा मिटर राखेर भारतलाई यस्तो बिजुली बेच्ने छ ।

एनभीभीएसन नेपाल, बंगलादेश र भुटानमा बिजुली किनबेचका लागि भारत सरकारले तोकेको सरकारी नोडल एजेन्सी हो । यसले नेपालको बिजुली एक्सचेन्ज बजारसम्म लगेर गरिने कारोबारमा एजेन्टमा रुपमा अहिले पनि काम गरिरहेको छ ।

५ वर्षे सम्झौताअनुसार उसले नेपालबाट आफैंले बिजुली बिजुली किनेर भारतीय बजारमा बेच्न लागेको हो । त्यहाँबाट भारतमा निर्यात भएको २०० मेगावाट बिजुलीको ह्विलिङ चार्ज, ट्रेडिङ शुल्क, सर्भिस चार्जसहित चुहावाट हिस्सा सबै भारतले नै ब्यहोर्नेछ ।

प्रतियुनिट ५.२५ भारु अर्थात् ८.४० रुपैयाँ बराबरमा प्राधिकरण र एनभीभीएनबीच आधा दशकका लागि विद्युत किनबेचको सम्झौता भएको हो । यो मूल्य भारतीय एक्सचेन्ज बजारमा प्रतिस्पर्धाबाट बेचिने बिजुलीको औसत मूल्यभन्दा राम्रो भएको प्राधिकरणका अधिकारीहरु बताउँछन् । अरु शुल्क तिर्नु नपर्ने भएको यो प्राधिकरणको लागि 'खुद आय' हुनेछ । प्राधिकरणले जेठको मध्यदेखि कात्तिकसम्म यस्तो विद्युत भारतमा निर्यात गर्नेछ ।

यो सम्झौताअनुसार ८३.४२ मेगावाटको सोलुखोला (दुधकोशी), ४२.६८ मेगावाटको सुपर मादी, ३४.९२ मेगावाटको माथिल्लो बलेफी 'ए', २६.१९ मेगावाटको दोर्दी खोला र १२.७९ मेगावाटको माथिल्लो चाकु 'ए' आयोजनाको बिजुली बेच्न प्रस्ताव गरेको प्राधिकरण स्रोतको बताएको छ । भारतको केन्द्रीय विद्युत प्राधिकरणले एनभीभीएन र नेपाल विद्युत प्राधिकरणबीच भएको सम्झौता सहित प्रस्तावित आयोजनाहरुलाई स्वीकृति दिएपछि निर्यात सुरु हुने र यो प्रक्रियामै रहेको कार्यकारी निर्देशक घिसिङले बताए ।

गत १८ जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा दुई देशबीच दीर्घकालीन विद्युत् व्यापारका लागि प्रारम्भिक सम्झौतामा हस्ताक्षर भएको थियो । भेटवार्तापछिको संयुक्त पत्रकार सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नै यो सम्झौता अनुसार १० वर्षमा भारतले १० हजार मेगावाट विद्युत् खरिद गर्ने लक्ष्य राखेको बताएका थिए ।

नेपाली ऊर्जा अधिकारीहरुले यो सम्झौतालाई विद्युत् व्यापारको एउटा छाता सम्झौता भन्दै आएका छन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अनलाइनखबरसँग कुरा गर्दै यसकै आधारमा हामी ५, १० र १५, २० वर्षको 'सर्ट टर्म'सहित लामो अवधिको विद्युत् खरिद सम्झौता' (पीपीए)हरु गर्न सक्ने बताएका थिए ।

हिलेसम्म भारतले दीर्घकालीन विद्युत व्यापारका लागि हस्ताक्षर भएको प्रारम्भिक सहमतिपत्र मन्त्रिपरिषदबाट पारित गरेर हस्ताक्षरको निम्तो दिएको छैन । नेपाल सरकारले भने ऊर्जासचिव दिनेश कुमार घिमिरेलाई सो सम्झौतामा हस्ताक्षर गर्न अधिकार दिइसकेको छ ।

सो सम्झौतामा प्रारम्भिक हस्ताक्षर हुनुभन्दाअघि नै एनभीभीएन र प्राधिकरणबीच २ सय मेगावाट बिजुली खरिद बिक्रीका लागि सहमति जुटिसकेको प्राधिकरणका अधिकारीहरु बताउँछन् । अब भारतीय पक्षले दीर्घकालीन विद्युत व्यापारको सम्झौताका लागि बोलाउने र पहिलो चरणमा ५ वर्षका लागि मध्यकालीन विद्युत व्यापार सुरु गरिहाल्ने गरी बाँकी निर्णय लिनेमा अधिकारीहरु आशावादी छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'लिलिबिली २' बन्ने, प्रदीप दोहोरिने !



काठमाडौं/सन् २०१८ मा प्रदर्शनमा आएको फिल्म 'लिलिबिली'लाई सिरिजको रुपमा अगाडि बढाइने भएको छ । आगामी चैत वा बैशाखदेखि यसको दोस्रो श्रृंखलाको छायांकन गर्ने तयारी गरिएको छ । फिल्ममा अघिल्लो श्रृंखलाका प्रमुख अभिनेता प्रदीप खड्का दोहोरिने लगभग निश्चित छ । उनीसँग निर्माण टिमको विभिन्न चरणमा कुराकानी भैसकेको छ । र, उनी फिल्मलाई लिएर सकारात्मक छन् ।

यतिबेला प्रदीप निर्देशक दिनेश राउतको एक फिल्मको पूर्व तयारीका लागि पोखरामा छन् । उनी काठमाडौं फर्किन साथ कागजी सम्झौता गर्ने तयारीमा निर्माण टिम रहेको जानकारी प्राप्त छ । 'लिलिबिली'कै निर्देशक मिलन चाम्सले फिल्मको निर्देशन गर्नेछन् । चाम्सले फिल्ममा प्रदीप खड्काबाहेक अघिल्लो श्रृंखलाका कोही कलाकार नदोहोरिने र नयाँ विषयमा निर्माण हुने जानकारी दिए ।

उनले भने, 'हामी धेरै अघिदेखि 'लिलिबिली २' बनाउने योजनामा थियौं । तर, विभिन्न कारणले पाँच वर्षपछि सम्भव हुँदैछ । अहिले म 'गोर्खा वारियर'को लण्डन प्रिमियर र एक फिल्मको छायांकन गर्नुपर्ने भएकाले अलि व्यस्त छु । प्रदीप पनि अर्को फिल्मका लागि व्यस्त हुने भएकाले आगामी चैत अथवा बैशाखपछि छायांकन सुरु हुनसक्छ ।' चाम्सका अनुसार, फिल्म लभस्टोरी कथामा बन्नेछ ।

प्रदीप भारद्वाजको लेखन रहेको फिल्मलाई मिलन चाम्स र सुदीप खड्काले मिलेर निर्माण गर्नेछन् । 'लिलिबिली' भने गोविन्द शाही (वितरक/निर्माता) र मिलन चाम्सको ब्यानरमा दर्ता थियो । निर्देशक चाम्सका अनुसार, निर्माता शाहीसँग आपसी समझदारीमा नै आफूहरुले 'लिलिबिली २' निर्माण गर्न लागेको जानकारी दिए । उनका अनुसार, फिल्मको अन्य श्रृंखलाहरु समेत निर्माण गरिनेछ ।

कतिपयले 'लिलिबिली'लाई फरलप फिल्म भन्ने गरेका छन् । तर, निर्देशक चाम्स आफूहरु यो फिल्मबाट घाटामा नभएको दाबी गर्छन् । 'हामीबीचकै आन्तरिक कारणले गर्दा फिल्म घाटामा छ भन्ने पर्न गएको हो । तर, हामी घाटामा थिएनौं । यसैले पनि 'लिलिबिली २' निर्माण गर्न लागेका हौं,' चाम्सले भने । 'लिलिबिली'बाट डेब्यू गरेकी जसिता गुरुङ दोस्रो श्रृंखलामा भने नअटाउने भएकी छन् ।

# 'परस्त्री'ले बलिउडसँग राम्रो सम्बन्ध स्थापित गर्नेछ : शिल्पा मास्के

काठमाडौं/असार १५ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शन हुन लागेको फिल्म 'परस्त्री'की अभिनेत्री शिल्पा मास्केले बलिउड इन्डस्ट्रीसँग राम्रो सम्बन्ध स्थापित गर्न फिल्मले भूमिका खेल्ने विश्वास व्यक्त गरेकी छन् । फिल्मको भारत प्रदर्शन र प्रिमियरको शिलशिलामा मुम्बईमा रहेकी मास्केले भारतीय सञ्चारकर्मीसँग कुराकानीको क्रममा फिल्मले नेपाली इन्डस्ट्रीमा राम्रो परिवर्तन गर्ने पनि बताइन् ।

'फिल्ममा थ्रिलर, सस्पेन्स, प्रेम सबै छ । फिल्मले नेपाली इन्डस्ट्रीमा राम्रो परिवर्तन गर्नेछ भन्ने आशा छ । र, बलिउडसँगै भारतसँग राम्रो सम्बन्ध स्थापित हुनेछ,' उनले भनिन् । 'परस्त्री'को क्यारेक्टर आफरनो लागि निकै चुनौतीपूर्ण रहेको बताउँदै उनले को-एक्टर (गौरव विष्ट)देखि निर्माण टिम एकदमै 'प्रोफेसनल' रहेकाले चुम्बन र बेडसिनमा कुनै अप्ठ्यारो महशुस नभएको पनि प्रष्ट पारिन् ।

निर्देशक सुरज पाण्डेले दुईवटा भाषामा फिल्मलाई एकसाथ तयार गरेर दुई देशमा रिलिज गर्न एकदमै गाह्रो रहेको अनुभव सुनाए । ट्रेलरले नेपाल र भारतमा निकै सकारात्मक प्रतिक्रिया प्राप्त गरेकाले फिल्म सफल हुनेमा उनले विश्वास व्यक्त गरे । आइतबार मुम्बईमा 'संयुक्त नेपाली महासंघ मुम्बई भारत'ले फिल्मको टिमको सम्मानमा विशेष कार्यक्रमको समेत आयोजना गरेको थियो ।

फिल्ममा शिल्पाका साथै गौरव विष्ट, कोशिस क्षेत्री, शिल्पा मास्के, गौरव बिष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा, रामबाबु रेग्मी, सर स्वती अधिकारी, झकेन बिसी, अर्पित न्यौपानेलगायतको अभिनय छ । शर्मिला पाण्डे र दीपेन्द्र के. खनालले निर्माणमा सहकार्य गरेको फिल्मलाई निर्माता खनाल स्वयंले लेखेका हुन् । उनी आफैंमा सफल निर्देशक हुन् । यस फिल्मलाई निरज कँडेलले खिचेका हुन् ।

# 'नेपाल-अमेरिका चलचित्र महोत्सव'मा 'राधा' उत्कृष्ट फिल्म घोषित

काठमाडौं/असार ७ गतेदेखि १० गतेसम्म अमेरिकाको मेरिल्यान्ड राज्यमा आयोजना भएको 'नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सव'मा सुवर्ण थापाद्वारा निर्देशित फिल्म 'द सेक्रेटस् अफ राधा'ले उत्कृष्ट फिचर फिल्मको अवार्ड जितेको छ । अवार्ड उचाल्न निर्देशक थापा स्टेज उक्लिएका थिए । सोही महोत्सवमा सुजित बिडारी निर्देशित फिल्म 'ऐना झ्यालको पुतली' र पाकिस्तानी निर्देशक साइम सदिकको फिल्म 'जोयलेण्ड'ले मानार्थ पुरस्कार प्राप्त गरेको छ ।

यसैगरी, महोत्सवमा सनी लियु निर्देशित 'पियोना म्यान' र अमेरिकी निर्देशक न्यान्सी स्पेस्डेन निर्देशित 'पासाङ : द स्याडो अफ एभरेष्ट'ले उत्कृष्ट फिचर वृत्तचित्र पुरस्कार प्राप्त गर्‍यो भने सचिन घिमिरे निर्देशित वृत्तचित्र 'इन्टू द मिस्ट'लाई मानार्थ पुरस्कार प्रदान गरिएको छ ।

वृत्तचित्र विधातर्फ उत्कृष्ट वृत्तचित्रको पुरस्कार श्रीष कुँवर निर्देशित 'मेरो बुबा'ले प्राप्त गर्दा भारतका मिधुनजी बाबुको 'डु डक्स माइग्रेन'ले मानार्थ पुरस्कार पायो ।

उत्कृष्ट छोटो कथानक फिल्मको पुरस्कार सन्तोष दाहालको 'द मिराज'ले प्राप्त गरेको छ भने सूर्य शाही निर्देशित 'ह्वील्स अन द बस'ले मानार्थ पुरस्कार पाएको छ ।

महोत्सवले प्रदान गर्ने 'इम्पावरमेन्ट अवार्ड' ओस्कार अवार्डमा नोमिनेशन भएको फिल्म 'कमिङ आउट वीद द हेल्प अफ टाइम मेसिन'ले प्राप्त गरेको छ । त्यस्तै, 'ह्वेर द विण्डो डाइ'ले फ्रिडम अफ एक्सप्रेशन अवार्ड प्राप्त गर्‍यो ।

# काठमाडौं महानगरले करको दर बढाएन, दायरा बढायो

काठमाडौं/काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष (आव) २०८०/८१ मा करको दायरा विस्तारलाई जोड दिएको पाइएको छ । करका दरहरु यथावत राख्दै झोलामा गरिने विज्ञापनदेखि सवारी साधनमा बहाल करसम्मका प्रावधान थपिएका छन् । महानगर पालिकाले आर्थिक ऐन २०८० सार्वजनिक गर्दै यस्तो जानकारी गराएको छ ।

महानगरपालिकाले कर तिर्न प्रेरित गर्न विभिन्न स्किमहरु समेत ल्याएको छ । पार्किङ प्रयोजनमा बहुतले भवन निर्माणलाई प्राथमिकता दिएको महानगरले सडकमा अनुमति नलिई निर्माण सामग्री राखेमा चर्को जरिवाना लगाउने समेत नियम ल्याएको छ । फनपार्कमा व्यवसाय कर सुरु गरेको महानगरले व्यावसायिक र आवासीय भवनले पार्किङ शुल्क लिन नपाउने गरी निषेध समेत गरेको छ ।

काठमाडौं महानगर पालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि २५ अर्ब ५४ करोड ७८ लाख रुपैयाँको बजेट ल्याएको छ । जसमा आन्तरिक स्रोतबाट मात्र महानगरले ६ अर्ब ३९ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ ।

**पार्किङ प्रयोजनका लागि भवन बनाउनेलाई प्रोत्साहन**

काठमाडौं महानगर पालिकाले व्यावसायिक रुपमा सवारी साधन पार्किङ प्रयोजनका लागि भवन निर्माण गर्नेलाई प्रोत्साहन गरेको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐनमा यस्तो व्यवस्था गरिएको छ ।

महानगरपालिकाले भवन निर्माण सम्पन्न भएको मितिले पार्किङ प्रयोजनका लागि प्रयोग नहुने क्षेत्रको १० वर्षसम्म सम्पत्ति करमा छुट दिने व्यवस्था गरेको हो । पार्किङ क्षेत्र भनी नक्सा स्वीकृत गरी अन्य प्रयोजनमा प्रयोग गरेमा भने महानगरपालिकाले कारवाही गर्ने भएको छ ।

महानगर क्षेत्र भित्र फरक फरक वडामा एउटै व्यक्ति वा संस्थाको भवन वा घर भएमा हरेक वर्ष सम्पत्ति भएको वडाको सिफारिस प्राप्त भएपछि मात्र सम्पत्ति कर बुझ्ने वडा कार्यालयले कर दाखिला गर्नुपर्ने नियम समेत महानगरपालिकाले लिएको छ । करदाताको सम्पत्ति थप भएमा वा भवन निर्माण सम्पन्न प्रमाणपत्र लिँदा थप हुन गएको क्षेत्रफलको मात्र अब जरिवाना सहित कर असुल हुने आर्थिक ऐनमा उल्लेख छ । बहुतले आवासीय भवन (अपार्टमेन्ट)को सम्पत्तिका हकमा अब तलाले ओगटेको भवनको हिस्सा बराबर जग्गाको क्षेत्रफल कायम गरी मूल्याङ्रुकन हुने भएको छ ।

**होटल, रिसोर्ट र चलचित्र भवनले बक्यौता तिरेमा ३० प्रतिशत छुट**

महानगर क्षेत्रभित्र सञ्चालित होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घर जग्गा भई वा लिजमा लिई होटल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन भएको करदाताको हकमा बक्यौदा सहितको सम्पत्ति कर चुक्ता गरेमा आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति करमा थप ३० (तीस) प्रतिशत छुट हुने प्रावधान ऐनले ल्याएको छ ।

**सवारी साधन भाडामा लगाउनेले बहाल कर तिर्नुपर्ने**

काठमाडौं महानगरभित्र सवारी साधनलाई भाडामा लगाउने व्यक्ति वा संस्थाले अब अब बहाल कर तिर्नुपर्ने भएको छ । आर्थिक ऐनमा महानगरपालिकाले बहाल कर असुल गर्ने क्षेत्र विस्तार गर्दै अब सवारी साधन थप गरेको हो ।

यसअघि जग्गा, भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदम, टहरा, सेड, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा लगाई प्राप्त बहाल रकममा बहाल कर लाग्ने प्रावधान थियो । यो सूचीमा आर्थिक वर्ष २०८०/८१ बाट महानगरले सवारी साधन कर समेत थपेको छ ।

महानगरपालिकाका अनुसार यो कर स्रोतमै कट्टी हुने छ । महानगरले कुल बहालमा वार्षिक १० प्रतिशतका दरले बहाल कर निर्धारण गरेको छ ।

तर, वार्षिक बहाल १ लाख भन्दा कम हुने र आम्दानीको अन्य स्रोत नभएका करदाताको हकमा भने कर छुट माग्न सकिने र त्यसमा मूल्याङ्रुकन गरी ७५ प्रतिशतसम्म छुट दिने सकिने प्रावधान आर्थिक ऐनमा उल्लेख छ ।

**फनपार्कमा व्यवसाय कर**

काठमाडौं महानगर भित्र सञ्चालित फनपार्कले अब महानगर पालिकालाई व्यवसाय कर तिनुपर्ने भएको छ । महानगरपालिकाको आर्थिक ऐन अनुसार पाँच रोपनीसम्म क्षेत्रफल भएको फनपार्कले महानगर पालिकालाई १० हजार रुपैयाँका दरले व्यवसाय कर तिर्नुपर्ने भएको छ ।

१० रोपनीसम्म २० हजार र १० रोपनीभन्दा बढीलाई ३० हजार रुपैयाँका दरले अब व्यवसाय कर लाग्ने भएको छ । आर्थिक ऐनको अनुसूची ७ मा फनपार्क थप गर्दै महानगरपालिकाले यस्तो व्यवस्था गरेको हो ।

**परिचय पाटी र झोलामा गरिने विज्ञापनमा कर**

काठमाडौं महानगरपालिका भित्र झोलामा गरिने विज्ञापनमा अब कर लाग्ने भएको छ । काठमाडौं महानगरपालिकाले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐन अनुसार झोलामा गरिने विज्ञापनमा वार्षिक १ सय रुपैयाँ प्रतिगोटाका दरले विज्ञापन कर लाग्ने भएको छ । व्यवसाय दर्तासँगै वडामा बुझाउने प्रावधान महानगरपालिकाले ल्याएको छ ।

यसका साथै सार्वजनिक स्थानबाट नदेखिने मल, चलचित्र भवन लगायत व्यावसायिक भवनको भित्र विज्ञापन प्रचार प्रसारका लागि राखिएको विज्ञापन सामग्रीमा प्रतिवर्गफुट ५ सय रुपैयाँका दरले विज्ञापन कर लाग्ने भएको छ ।

*(अनलाइनखबर)*

# प्रधानन्यायाधीशविरुद्ध उजुरी दिने जिल्ला न्यायाधीशले दिए राजीनामा

काठमाडौं/काठमाडौं जिल्ला अदालतका न्यायाधीश डा. श्रीकृष्ण भट्टराईले पदबाट राजीनामा दिएका छन् ।

आफैँले कानूनी र नैतिकरुपमा प्रश्न उठाएको व्यक्ति प्रधानन्यायाधीश भएको भन्दै उनले प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको मातहतमा बस्न असहज हुने भन्दै भट्टराईले सोमवार राजीनामा दिएका हुन् ।

उनले न्यायाधीश नियुक्तिको प्रक्रियाप्रति असन्तुष्टि व्यक्त गर्दै राजनीतिक पार्टीका मानिसहरु न्याय परिषद्मा नियुक्ति हुने गरेको आरोप लगाए ।

उनले भने, 'न्यायाधीश नियुक्तिको प्रक्रिया र बाहिरबाट नियुक्तिहरु, अत्यन्तै धेरै राजनीतिक पार्टीका मानिसहरु न्यायपरिषद्का आफन्तहरु बाहिरबाट नियुक्ति गर्ने काम हुन्छ। तर हामी जुन करियरबाट आएका छौं, उहाँहरु सबैको भविष्य अन्धकार भयो।'

उनले न्यायपरिषद्ले न्यायाधीशमा राजनीतिक मानिसहरु अपारदर्शी ढंगबाट भर्ती गरिदिएपछि न्यायाधीशहरुको भविष्य नै अन्धकार भएको बताए। उनले राजनीतिक मानिसहरु पदमा आएर राजनीतिक आस्थाको लागि न्याय क्षेत्रमा काम गर्ने स्थिति देखिएको भन्दै आपत्ति जनाए ।

उनले भने, 'न्यायाधीश नियुक्तिको प्रक्रिया र बाहिरबाट नियुक्तिहरु, अत्यन्तै धेरै राजनीतिक पार्टीका मानिसहरु न्यायपरिषद्का आफन्तहरु बाहिरबाट नियुक्ति गर्ने काम हुन्छ। तर हामी जुन करियर बाट आएका छौं, उहाँहरु सबैको भविष्य अन्धकार भयो।'

'प्रधानन्यायाधीश कार्की प्रधानन्यायाधीश हुनुपूर्व नै संसदीय समितिमा आफूले उजुरी हाले पनि संसदीय सुनुवाई समितिले विवेक प्रयोग गर्न नसकेको बताए।

'सम्माननीय प्रधानन्यायाधीश हुनुहुन्छ, उहाँ प्रधानन्यायाधीश हुनुभन्दा अघि नै संसदीय सुनुवाई समितिमा उजुरी गरेको थिएँ । संसदीय सुनुवाई समितिले विवेक प्रयोग गर्ला भनेको समिति नै अवैध थियो। प्रधानन्यायाधीशको नियुक्ति पनि अवैध रह्यो' उनले भने ।

उनले संसदीय सुनुवाई समिति नै अवैध रहेको भन्दै सुनुवाई समिति निष्पक्ष भएको खण्डमा कार्की प्रधानन्यायाधीश हुन नसक्ने स्थिति रहेको बताए।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

"तपाईं, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# लागूऔषधविरुद्धको दिवसकै दिन हेटौंडाबाट ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ मकवानपुरका लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस सोमबार मनाइएको छ ।

हेटौंडामा सोमबार नै गैरसरकारी संस्थादेखि लागूऔषध दुर्व्यसनको रोकथाम र नियन्त्रणमा काम गर्दै आइरहेका संघसंस्थाले कोठाभित्र लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्ध बहस छेडिरहेका थिए । तर, यता बहस चलिरहँदा सोमबार हेटौंडाको विभिन्न ठाउँबाट एकैदिन ६ जना लागूऔषध ओसार पसारमा संलग्न भएको आरोपमा पक्राउ परेका छन् । मकवानपुरमा लागूऔषध प्रयोगकर्ताहरु निरन्तर बढिरहेको जिल्ला प्रहरी कार्यालयको तथ्यांकले देखाइरहेका छ । युवाहरु लागूऔषध दुर्व्यसनीमा फसिरहेका मात्रै छैनन्, छिटो धनी बन्ने महत्वकांक्षाले उनीहरु ओसारपसारमा पनि संलग्न भएपछि कारागार धाउनु परेको छ ।

लागूऔषध प्रयोग गर्न नहुने र ओसारपसारमा पनि नियन्त्रण गर्नुपर्ने विषयमा सोमबार हेटौंडामा चालू आर्थिक वर्ष २०७९/०८० को अन्त्यतिर बजेट सक्काउन बहस जारी थियो । हरेक वर्षको जून २६ तारिखलाई अन्तर्राष्ट्रिय लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको दिवसको रुपमा मनाउने निर्णय संयुक्त राष्ट्रसंघको सन् १९८७ को घोषणापत्रको ४२ को



१ सय १२ खण्डमा उल्लेख गरिएको छ । त्यस दिनको एउटा मात्र उद्देश्य भनेको विश्व समुदायलाई लागूऔषधको असर र कारोबारबाट मुक्त गराउनु हो ।

प्रहरीले भने हेटौंडा-१० बसपार्कदेखि ८ नम्बर वडाको कमानेसम्म गरेर ६ जनालाई एकैदिन पक्राउ गरेको प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा ५९ जना थुनुवा छन् । जसमध्ये करिब २२ जना लागूऔषध मुद्दाका रहेको प्रहरी निरीक्षक घिमिरेले बताए । थुनुवामा सोमबार मात्रै थप ६ जना थपिएका थिए । मकवानपुर प्रहरीले प्रतिबन्धित लागूऔषध गाँजासहित २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

सोमबार बिहान हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट १४ किलो गाजाँसहित २ जना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले मकवानपुरले जानकारी दिएको छ । भारत उत्तर प्रदेश जिल्ला बलिया गरवार बिसुकियाका ३४ वर्षीय हनुमान विंद र सोही ठाउँकी ३५ वर्षीया शर्मिला मण्डललाई पक्राउ गरिएको हो । प्रहरी चौकी बसपार्कको प्रहरी टोलीले गस्ती गर्दै जाँदा बसपार्कस्थित बीरगञ्ज जाने काउण्टर नजिकै शंकास्पद रुपमा बसिरहेको अवस्थामा उनीहरुलाई जाँच गर्ने क्रममा उनीहरुले झोलामा बोकेको अवस्थामा १४ किलो लागूऔषध गाँजा फेला पारिएको प्रहरीले जनाएको छ ।

उक्त परिमाणको गाँजा बरामदसँगै दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको जनाएको प्रहरीले जनाएको छ । यसैगरी मकवानपुर प्रहरीले ३० एम्पुल लागुऔषध डाईजेपामसहित १ जनालाई नियन्त्रणमा लिएको छ । डाइजेपामसहित हेटौंडा-११ का सागर घिमिरेलाई प्रहरीले नियन्त्रणमा लिएको हो । सोमबार साझँ साढे ५ बजेको समयमा प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५ रातोमाटेस्थित सडक खण्डमा सवारीसाधन जाँच गर्ने क्रममा बीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ग ३१५ नम्बरको माईक्रो बसमा सवार हेटौंडा-११ का १९ वर्षीय घिमिरेलाई शंका लागि जाँच गरेको थियो ।

घिमिरेले लुकाएर ल्याएको अवस्थामा लागूऔषध डाईजेपाम १० एम्पुल, फेनार्गन १० एम्पुल, ब्युनोर्फीन १० एम्पुल फेला परेको प्रहरीले जनाएको छ । घिमिरेलाई उक्त परिणामको लागुऔषध सहित नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

हेटौंडा उपमहानगर पालिका-८, कमानेबाट लागूऔषध खैरो हिरोइनसहित तीन जना पक्राउ परेका छन् । प्रहरीले स्थानीय ३१ वर्षीय विशाल रावत, १८ वर्षीय सुमित वाइवा र हेटौंडा-१०, न्यूरेनी बस्ने ३२ वर्षीय बिमल भोलनलाई पक्राउ गरेको हो ।

विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, पशुपतिनगर बाट खटिएको प्रहरी टोलीले कमानेस्थित रावतको घरमा चेकजाँचको लागि पुगेको थियो । भोलनको साथबाट र रावतको घर कोठाको दराजबाट खैरो हिरोईन २५ ग्राम, जोख्ने काँटा, नगद ५ हजार र ५ थान मोवाइल बरामद गरि एको बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । लागूऔषध सहित ३ जनालाई नै नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको प्रहरी निरीक्षक घिमिरेले जानकारी दिए ।

# प्रदेशस्तरीय युवा सम्मेलन सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशको हेटौंडामा प्रदेशस्तरीय पहिलो युवा सम्मेलन सुरुभएको छ । प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सोमबार सम्मेलनको उद्घाटन गरिन् ।

सम्मेलनको उद्घाटन गर्दै मन्त्री मोक्तानले युवाको सवालमा काम गर्न मन्त्रालय सधैं तयार रहेको बताइन् । युवालाई स्वरोजगार बनाउन निरन्तर बजेट बिनियोजन गरेको उनले बताइन् । पहिलोपटक युवा सम्मेलन गर्न लागिएको र यसबाट धेरै सिकाइ हुने अपेक्षा मन्त्रालयले राखेको मन्त्री मोक्तानले बताइन् । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले करोडौं बजेट मन्दिर पाटीपौवा निर्माणमा छुट्याइएको तर, युवा उद्यमशीलताको लागि बजेट नभएको गुनासो गरे । नीति योजना र बजेट छुट्याउनु अघि नै युवाको यस्तो सम्मेलन गर्नुपर्ने उनले बताए । युवालाई बिदेश हैन, आफ्नो गाउँठाउँमा उद्यमी बनाउन स्थानीय र प्रदेश सरकारले ध्यान दिनुपर्ने उनले बताए । 'युवाहरु विदेश पलायन भए पनि सीप दिएर पठाऔं' उनले भने 'यसतर्फ पनि प्रदेश सरकारले ध्यान दिनुपर्छ ।'

कार्यक्रममा प्रदेश सांसद प्रेमबहादुर पुलामीले युवाहरु सत्तामा पुग्ने भर्‍याङ मात्रै नभएको बताए । सिर्जनात्मक कामको थालनी युवाले गर्नुपर्ने उनले बताए । देश विदेश घुमेर सीप, सिर्जनात्मकता र लगनशीलता सिक्नुपर्ने उनले बताए । सुन बनाउनेदेखि फोहोर संकलन गर्नसम्म विदेशीहरु हामीकहाँ आउँछन्, हामी नेपाली युवा चाहिँ किन बेरोजगार उनले प्रश्न गरे । कार्यक्रम बागमती प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष प्रा.डा नरबिक्रम थापाले देशको आर्थिक सामाजिक राजनीतिक विकास र परिवर्तन गर्न युवाको दायित्व र योगदान भएको बताए ।

दुई दिनसम्म चल्ने सम्मेलनले हेटौंडा घोषणापत्र जारी गर्ने छ । सम्मेलनमा प्रदेशको १३ जिल्लाका करिब २ सय जनाको सहभागी रहेका छन् । कार्यक्रममा प्रदेश युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले सम्मेलनको बारेमा अवधारणापत्र सार्वजनिक गरेका छन् ।

# थाहाको ज्येष्ठ नागरिक समितिमा कार्की

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ थाहा नगरपालिकामा नगरस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको पुन:गठन गरिएको छ ।

थाहाको विकास घरमा सोमबार भएको समिति पुन:गठन कार्यक्रममा नगरको १२ वटै वडाका ज्येष्ठ नागरिक समितिका सदस्यको सहभागिता रहेको थियो । भेलाबाट इश्वरबहादुर कार्कीको संयोजकत्वमा १५ सदस्यीय ज्येष्ठ नागरिक नगर समिति पुन:गठन भएको हो । समितिको उपसंयोजकमा बिष्णु गोपाली र सदस्यहरुमा रामेश्वर महर्जन, साहिला गोले, विष्णुबहादुर थापा, प्रेमबहादुर आलेमगर, शिवबहादुर कार्की, गणेशबहादुर पाखिन, नीरञ्जन अधिकारी, चन्द्रबहादुर स्याङ्तान, शोमलाल गोपाली,



बिमला विष्ट र मीना कार्कीसहित वडा नम्बर ९ बाट एक सदस्य थप गर्ने गरी सर्वसम्मत ज्येष्ठ नागरिक नगर समिति पुन:गठन गरिएको छ ।

थाहा नगरपालिकाको सामाजिक विकास समिति सदस्य जनक विकको सभाध्यक्षता तथा वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाप्रमुख प्रतिमा मोक्तान, पूर्वसामाजिक विकास समिति सदस्य जानुका ढकाललगायतको आतिथ्यता रहेको थियो ।

# सिबिनद्वारा बाल संरक्षणबारे अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बाल हेल्पलाइन मकवानपुरको आयोजनामा एक दिवसीय अनलाइन बालसंरक्षणबारे अभिमुखीकरण कार्यक्रम भएको छ ।

सोमबार नगर सहजकर्ता, वडा सहजकर्ता, बालगृहका पदाधिकारी, मामाघर नेपाल, जनप्रतिनिधि, सञ्चारकर्मी र किशोर, किशोरी तथा बालसमूहका पदाधिकारीलाई अभिमुखीकरण दिइएको हो । हेटौंडा उपमहानगरपालिकाको २०८० मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारीअनुरुप अनलाइन बालसंरक्षणबारे दोस्रो चरणको अभिमुखीकरण दिइएको बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले बताए । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकासम्बन्धी हक लगायत कानुनी व्यवस्थाबारे ज्ञवालीले सहजीकरण गरेका थिए ।

बाल हेल्पलाइनले २००८ मा अनलाइनमा बालसंरक्षण विषयमा नेपालमा पहिलोपटक र २०२० मा सातै प्रदेशमा बालसंरक्षण विषयमा अनलाइन सर्वेक्षण भएको बताए । सर्वेक्षणका क्रममा बालबालिका बढी अनलाइन जोखिममा रहेको पाइएको छ भने उनीहरु आफैंभित्र हराएको सामाजिकीकरण हुन नसकेको उनले रिसर्चमा देखिएको बताए । हेटौंडा बालमैत्री स्थानीय शासन घोषणाको चरणमा रहेको अवस्थामा अनलाइन बालसंरक्षणबारे नागरिक समाज, सहकारी निकाय, स्थानीय तह, बालसमूह, किशोरी समूहसँग छलफल भइरहेको बताए ।

# मनहरीमा २ हजार परिवारको नि:शुल्क स्वास्थ्य बीमा गरिने




साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ मनहरी गाउँपालिकाले १३ औं गाउँसभाको पहिलो बैठकबाट आर्थिक बर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम र आर्थिक ऐन पारित गरेको छ ।

नीति तथा कार्यक्रममा खासै नौला बिषय छैनन् । मनहरी गाउँपालिकाका नदीउकास जमिनहरुमा नरिवलको बिरुवा रोप्ने कुरालाई गाउँपालिकाले अघि सारेको छ । गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा नरिवलको बिरुवा रोप्ने कुरा उल्लेख भएसँगै मनहरी गाउँपालिका ८ र ९ को सीमा क्षेत्रमा ठूलो सिमसार ताल निर्माण गर्ने उल्लेख छ । मध्यवर्ती क्षेत्रमा पर्ने यो स्थानमा सर्लाहीको 'भरत ताल' जस्तै ठूलो ताल निर्माण गर्ने र पर्यटकीय क्षेत्र निर्माण गर्ने उल्लेख छ ।

गाउँपालिकाले गत आर्थिक बर्षमा झैं यस बर्ष पनि २ हजार परिवारलाई नि: शुल्क स्वास्थ्य बीमा गराउने योजनालाई अघि सारेको छ । त्यस्तै निर्माणाधीन ५ वटा पक्की पुलका लागि बजेट बिनियोजन गर्ने, गाउँपालिकाको भवन निर्माण गर्ने, बाँकी रहेको ४ नं वडाको भवन निर्माण गर्ने, मसिने र जोगीतालका ठूला खानेपानी योजनाको निरन्तरता दिने, २ नं वडाका सडकलाई स्तरीकरण गर्ने लगायतका बिषयहरुलाई नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

गाउँपालिका क्षेत्रभित्र सूर्तिजन्य पानपराग, गुट्खा आदि जस्ताबस्तुको उपभोगमा रोक लगाउने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । गाउँसभामा उपाध्यक्ष सीता पुलामी मगरले आर्थिक बर्ष २०८०/८१ का लागि प्रस्तुत गर्नु भएको आर्थिक ऐन समेत पारित गरिएको थियो ।

# नक्कली भुटानी शरणार्थी प्रकरणमा थप एक जना पक्राउ

काठमाडौं/नक्कली भुटानी शरणार्थी प्रकरणका एक जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौंको मण्डिखाटार बाट २४ वर्षीय आशिष बुढाथोकीलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी सिताराम रिजालले बताए । ठगीको रकम उनको खातामा जम्मा भएको देखिएकाले प्रतिवादी बनाइएको रिजाल बताउँछन्।

'प्रकरणका फरार प्रतिवादीहरुको खोजतलास गर्ने क्रममा आज उनलाई पक्राउ गरिएको हो', रिजालले भने, 'उनलाई जिल्ला अदालत, काठमाडौं पेश गर्छौं।'

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजान्छु भन्दै करोडौं असूली गरेको प्रकरणमा प्रहरीले ३० जनालाई प्रतिवादी बनाएर १० जेठमा जिल्ला अदालत, काठमाडौंमा मुद्दा दायर भएको थियो। त्यसबेला १६ जना मात्रै पक्राउ परेका थिए। पछि



प्रहरीले थप दुई जनालाई पक्राउ गरेको थियो।

पक्राउ परेकामध्ये पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वउर्जामन्त्री टोपबहादुर रायमाझी सहित १६ जनालाई पुर्पक्षका लागि थुनामा पठाउन अदालतले १ असार मा आदेश दिएको थियो।

प्रतिवादीमध्ये लक्ष्मी महर्जन र टंककुमार गुरुङलाई धरौटीमा छाड्न आदेश भएको थियो । प्रकरणका पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल'का छोरा प्रतिक थापा लगायत अझै फरार छन्।

# बागमती प्रदेशसभाको बैठक आज




साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ बागमती प्रदेशसभाको बैठक आज असार १२ गते बस्ने भएको छ । बैठक प्रदेशसभा सचिवालयको कार्यालय हेटौंडामा अपरान्ह १ बजे बस्ने भएको हो ।

बैठकमा प्रदेश सरकार द्वारा प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८०/८१ को अनुमाति बजेटमाथि पूर्ण छलफल गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका प्रमुखसचिव कृष्णहरि खड्काले जानकारी दिए । उनका अनुसार, प्रदेशसभा सचिवालयमा कार्यपरार्मश व्यवस्थापन समितिको बैठकले कार्यसूची तयार पारेको हो ।

गत असार १ गते बसेको प्रदेशसभाको बैठकमा बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले प्रदेश सरकारको तर्फबाट आगामी आवको अनुमानित बजेट सार्वजनिक गरेका थिए । यस्तै, सोही दिन अपराह्न बसेको दोस्रो बैठकमा आर्थिक विधेयकसहित विभिन्न ६ वटा विधेयक प्रस्तावहरु टेबुल गरिएलगतै प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले अर्को बैठक असार १२ गते बस्ने जानकारी गराउँदै बैठक स्थगित गरेका थिए ।

# लागूपदार्थ ओसारपसारविरुद्ध पालुङमा प्रभातफेरी




साझाकुरा संवाददाता

हेटौंडा, ११ असार/ थाहा नगरपालिकाको शिखरकोट पालुङमा लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अबसरमा सोमबार प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ ।

पालुङ जेसीजको आयोजना तथा हिमालयन इङ्लिस बोर्डिङ स्कुलको सहभागितामा प्रभातफेरी कार्यक्रम गरिएको हो । बजारमा परिक्रमा गर्दै कृष्ण मन्दिरचोकमा पुगेर प्रभातफेरी कोणसभामा परिणत भएको थियो । प्रभातफेरीम पालुङ जेसीजका पदाधिकारी तथा विद्यार्थीको सहभागिता थियो । कार्यक्रममा हिमालयनका प्रिन्सिपल बाबुलाल कार्की, पालुङ जेसीजका कार्यक्रम संयोजक मानसिं दोङ, पालुङ जेसीजका अध्यक्ष संगम कार्कीले लागूपदार्थ दुर्व्यसन र ओसारपसार गरे कानुनी सजायका बारेमा जानकारी दिएका थिए ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना